# जिल्ला समन्वय समिति महासंघ नेपाल
## Association of District Coordination Committees of Nepal
(ADCCN)

Ref. No.:- १४/०७५/७६ Date :- ………………
२०७५।६।१४

# प्रेस विज्ञप्ती

नेपालको संघीय संरचना अनुसार राज्य संचालन तथा राज्य श्रोतको बाँडफाँडबारे संवैधानिक व्यवस्था भएकोलाई आत्मसाथ गर्दै निर्वाचित जनप्रतिनिधीमूलक संस्था जिल्ला समनवय समितिले वर्तमानको आफ्नो अधिकार क्षेत्र र स्थानीय सरकार संचालन ऐन समेतले गरेको व्यवस्था अनुसार (ऐनको परिच्छेद १२ को दफा ८२ देखि दफा ८६ सम्म) आफ्नो कार्यक्षेत्रलाई प्रभावकारी समन्वयात्मक र नियामक बनाउन जिल्ला समन्वय समिति महासंघ नेपालले सहजिकरण गरिरहेको छ । संविधानका प्रावधानलाई कानून बनाएर लागु गर्नुपर्ने र प्रदेश सरकारले जि.स.स.लाई आवश्यक कानून तथा श्रोत साधनको व्यवस्था गर्नुपर्ने भएकाले महासंघले जिल्लाहरुको काम कार्वाहीमा एकरुपता तथा समन्वय सन्तुलित विकासका सहकार्यका लागि अनुगमन तथा नियमन गर्न नेपाल सरकारले स्थानीय सरकार ऐन २०७४ मा थप र प्रष्ट प्रावधान राख्नका लागि पटक पटक सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्री लगायत सम्बन्धित सरोकारवाला समक्ष लिखित माग प्रस्तुत गरिएको र सकारात्मक आश्वासन पाएकाले महासंघ उत्साहित भएर सदस्य जि.स.स.हरुको क्षमता अभिवृद्धिको कार्यमा लागेको छ ।

हालै सम्पन्न जि.स.स. महासंघ नेपालको प्रथम राष्ट्रिय भेला (२०७५ भदौ २३ गते) सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख अतिथि रहेको कार्यक्रममा अन्यकुराका अतिरिक्त साविक जिल्ला विकास समिति कोषलाई स्वत जि.स.स. कोषमा रुपान्तरण गरी हाल उक्तकोषमा रहेको रकम जिल्ला सभावाट निर्णय गरी खर्च गर्ने व्यवस्थाको आवश्यक निर्देशन माग भएको (सुझाव पत्र बुँदा ५) थियो । प्रधानमन्त्री तथा मन्त्रीज्यूहरुले समेत तपाँईहरु आफ्नो कार्यमा अगाडि बढनु भन्ने निर्देशन समेत भएर महासंघ आफ्ना सुझाव कार्यान्वयन गराउने चरणमा क्रियाशील भईरहेको अवस्थामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।०६।१० को परिपत्र अनुसार सबै जिल्ला समन्वय समितिले साविक जिल्ला विकास समितिको कोषको विभिन्न खाता अन्तरगत मौज्दात रहेको रकम हाल रोक्का राख्ने गत २०७४।०१।२४ को मन्त्रालयको निर्देशन लाई कायम राख्दै कोषमा रहेको रकम मन्त्रालयको खर्चचर्ने स्वीकृति वाहेक अन्य क्षेत्रमा खर्च नगर्नु/नगराउनु हुन अनुरोध छ । कोषको रकम कानून विपरित बाँडफाँड र खर्च गरेमा त्यसको खर्च गर्ने कार्मचारीलाई कानून अनुसार कारवाही हुने व्यवस्था रहेको व्यवहोरा २०७५।०६।०८ को मन्त्रीस्तरको निर्णय अनुसार अनुरोध भई आएको सन्दर्भमा सबै जि.स.स.ले चासो राखेको यस विषयमा महासंघको ध्यानाकर्षण भएको छ ।

जिल्ला समन्वय समितिहरुले आफ्नो क्षेत्राधिकार बाहिर जान चाहेको पनि छैन, साथै यसले स्थानीय नगरपालिका वा गाउँपालिकाको कार्यक्षेत्रमा हस्तक्षेप गर्न चाहेको पनि छैन । जि.स.स.ले संघ र प्रदेश संग समन्वय गरेर स्थानीय सरकारहरुका सेवा प्रवाहलाई जनमुखी, सहज र विश्वसनिय बनाउने प्रयासमा आवश्यकता अनुसार समन्वय गरी सहजिकरण गर्न खोजेको र प्रदेशस्तरमा विभिन्न कानूनहरु निर्माणको चरणमा रहेकाले पनि यस्ता कोषहरुको प्रयोजन सोही कानून अनुसार हुनुपर्नेमा महासंघ माग गर्दछ ।

पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, फोनः ५५५४०८१, ५५२९२०२, फ्याक्सः ००९७७-१-५५४८४६९
Mailing Address:– Sanepa Mode, Lalitpur, Nepal, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np

Ref. No.:- Date :- ………………

त्यस वाहेक जिल्लास्थित कार्यरत संघीय तथा प्रदेशसंरचनाका निकायहरुलाई अनुगमन, नियमन तथा जिल्लाको सन्तुलित विकासका लागि प्रदेश सरकारसंग समन्वयात्मक कार्यगर्ने प्रवन्ध भइरहेको अवस्थामा स्रोत साधन जिल्ला भित्र ब्यवस्थापन गर्न साविक जि.वि.स. कोष परिचालनको जिम्मा जि.स.स.लाई दिनुपर्ने माग प्रस्ताव हुँदा र त्यसमा सरकार सकारात्मक छ भन्ने आश्वासन पाइरहेको अवस्थामा आएको यस परिपत्रले संघीय सरकार स्थानीय तहमा सबै मिलेर काम गरुन र विस्तारै आफ्नो क्षमता देखाएर विकसित बनुन भन्ने पक्षमा नरहेको हो की भन्ने अन्यौलको वातावरण वन्न गएको छ ।

कामको जिम्मेवारी दिने तर स्रोत साधनले नियन्त्रण गर्ने केन्द्रीकृत पद्धति हावीहुने हो भने संघीयता कार्यान्वयनमा आउन गाह्रो हुने र त्यसको जिम्मेवारी स्वयं संघीय सरकारका अदूरदर्शी निर्णायकहरुको हुन जाने भएकाले महासंघ यस्ता निर्णयहरु गर्दा जि.स.स. प्रतिनिधी समेतको पूर्ण वैठक आयोजना गरि समन्वय, सहकार्य र सहअस्तिवको आधारमा हुनुपर्ने माग गर्दछ र अविलम्ब कोष संचालनको यो निर्णय बदरका लागि हार्दिक अनुरोध गर्दछु ।

………………………………………
नवराज गेलाल
प्रवक्ता